{«DateLetterGenerated»}

{«Guardian»}
{«MailAddress»}
{«MailCity», «MailState» «MailZip»}

आदरणीय {«Guardian»}:

तपाईंलाई तपाईंका बच्चा {«ChildFirst» «ChildLast»} को रगतमा लिड परीक्षण गरिएको थियो भन्ने कुरा जानकारी गराउन यो पत्र लेखिएको हो।

| | |
|---|---|
| परीक्षण गरिएको मिति | {«DrawDate»} |
| रगतमा लिडको मात्रा: | {«BLLResult»} µg/dL |

अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (US Centers for Disease Control and Prevention) का अनुसार रगतमा लिडको परीक्षण गर्दा लिडको मात्रा 3.5 µg/dL वा सोभन्दा बढी भेटिनुको अर्थ तपाईंका बच्चा लिडको सम्पर्कमा आउनुभएको छ भन्ने बुझिन्छ।

**कृपया** {«HDname»}{ «HDprogram»} लाई {«HDPhone»} मा सकेसम्म छिटो सम्पर्क गर्नुहोस्। हामीसँग तपाईंका बच्चा लिडको सम्पर्कमा आउने स्रोत पहिचान गर्न मद्दत गर्ने केही प्रश्नहरू छन्। यी प्रश्नहरूले मलाई तपाईंका बच्चाको रगतमा रहेको लिडको मात्रा कम गर्ने उपायहरू प्रदान गर्नमा पनि मद्दत गर्ने छन्।

लिड पुरानो पेन्ट र फोहोरमा पाइन सक्छ। जब पुरानो पेन्टको पाप्रा वा छिल्का झर्न थाल्छ, त्यो लिडयुक्त धुलोमैलो परिणत हुन्छ। यो लिड तपाईंका बच्चाले आफ्ना खेलौना जस्ता कुराहरू मुखमा राख्दा सोसँगै तपाईंका बच्चाको मुखमा जान सक्छ। यस प्रकार तपाईंका बच्चाले लिडयुक्त धुलोमैलो निल्न वा सासमार्फत लिन सक्छन्। रगतमा लिडको मात्रा बढेका अधिकांश बालबालिकाहरू बिरामी जस्ता देखिँदैनन्।

रगतमा लिडको मात्रा उच्च हुने केही बालबालिकाहरूलाई भने सिकाइ, व्यवहार, ध्यान र श्रवण क्षमता समस्या आउन सक्छ। तपाईं आफ्ना बच्चाको रगतमा भएको लिडको मात्रा कम गर्न निम्नलगायतका केही कुराहरू गर्न सक्नुहुन्छ:

- तपाईंका बच्चाको बारम्बार हात धोइदिनुहोस्। खासगरी उनले खाना खानुअघि हात धोइदिनुहोस्।
- झ्यालको तल्लो भागको पट्टी, वेल तथा भुइँहरू बारम्बार सफा गर्नुहोस्।
- मानिसहरूलाई आफ्नो घरभित्र छिर्दा जुत्ता फुकाल्न लगाउनुहोस्।
- आफ्ना बच्चालाई आइरन र क्याल्सियम उच्च मात्रामा पाइने खाने कुरा खुवाउनुहोस्। यी तत्व उच्च मात्रामा पाइने केही खानाहरू दुध, चिज, पिनट बटर, किसमिस, गेडागुडी र माछा आदि हुन्।

आफ्ना बच्चाको वृद्धि विकासका बारेमा तपाईंका कुनै चिन्ताहरू छन् Ohio को प्रारम्भिक सहायता (Early Intervention) कार्यक्रमलाई सम्पर्कगर्नुहोस्। रगतमा लिडको मात्रा कम्तीमा पनि 5µg/dL भएका **तीन वर्षभन्दा कम उमेरका** बालबालिकाहरू स्वतःप्रारम्भिक सहायता (Early Intervention) कार्यक्रमका लागि योग्य हुन्छन्। विकासात्मक ढिलाइ वा अपाङ्गता भएका जन्मेदेखि तीन वर्षमुनिका बालबालिकाहरूले आफ्नो जीवनमा सकेसम्म उत्कृष्ट सुरुवात गर्न सकून् भनेर पर्ारम्भिक सहायता (Early Intervention) कार्यकर्मले यस्ता बालबालिका भएका परिवारहरूसँग मिलेर काम गर्छ। साइन अप गर्न 1-800-755-4769 मा कल गर्नुहोस् वा ohioearlyintervention.org मा जानुहोस्।

सन्दर्भ {«ChildIdentifier»}